

# दोर्दी-१ जलविद्युत खबर

आयोजना सुरुङ्गको Inlet तर्फको भित्री स्वरुप

श्रावण २०७५, अंक २०

## आयोजनाको हालको निर्माण अवस्था

दोर्दी–१ जलविद्युत आयोजनाले १२ श्रावण, २०७५ देखि Outlet Portal तर्फबाट विस्फोट कार्य सुरु गरेको हो। निर्माण कार्य भए लगत्तै सुरुङ्ग निर्माणका लागि विस्फोट कार्य पनि सुरु गरिएको हो।

आयोजनाको Outlet Portel तर्फ बाट हाल दैनिक १ विस्फोट कार्य भइरहेको छ । विस्फोट कार्य सुरु भइसकेपछि दैनिक १.५ मिटरका दरले सुरुङ्ग निर्माण भइरहेको छ। आयोजनाले श्रावण मसान्त सम्ममा Outlet तर्फबाट २३ मिटर सुरुङ्ग निर्माण गरिसकेको छ ।

त्यसैगरी Inlet तर्फको सुरुङ्गको लम्बाई २४८ मिटर पुगिसकेको छ। Inlet तर्फबाट हाल प्रतिदिन २ वटा विस्फोट कार्य भइरहेको छ।

यस अघि Inlet तर्फबाट आषाढ मसान्त सम्ममा १८० मिटर सुरुङ्ग निर्माण गरिसकिएको थियो भने भाद्र मसान्त सम्ममा सुरुङ्ग लम्वाई ४०० मिटर पु्र्याउने लक्ष्य आयोजनाले राखेको छ।

साथै पेनस्टक पाईपको निर्माण गर्न आवश्यक Steel Plate खरिद गरिसकेपछि Hydro–Mechanical निर्माण कार्य पनि तीव्र गतिले अघि बढ्ने छ ।

हेडवर्क्स क्षेत्रमा रहेको Desander Excavation कार्य जारी छ र हेडवर्क्सको सुरक्षाको लागि ग्यावियन पर्खाल निर्माण गर्ने कार्य पनि भइरहेको छ । त्यसैगरी यस क्षेत्रमा रहेका चट्टान फुटाउन विस्फोट कार्य पनि भइरहेको छ ।



Headworks निर्माण कार्य





सुरुङ्ग भित्र ventilation राखे पछि

त्यसैगरी इलेक्ट्रोमेकानिकल कार्यका लागि प्राप्त भएका प्रस्तावहरुको हाल आर्थिक तथा प्राविधिक मूल्याङ्कन अन्तिम चरणमा पुगेको छ । भाद्र महिनाको पहिलो हप्ता सम्म इलेक्ट्रोमेकानिकल कार्यको लागि ठेक्का बारे टुगों लगाउने आयोजनाको लक्ष्य रहेको छ ।

दोर्दी–१ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइन जोड्नका लागि दोर्दी कोरिडोर प्रसारण लाइन र किर्तिपुरमा नेपाल विद्युत प्राधिकरणद्वारा बनाउनु पर्ने सवस्टेसनको ठेक्का प्रक्रिया सकेर विस्तृत सर्भेको कार्य समेत भइसकेको छ। हाल उक्त प्रसारण लाइनको Soil Testing र Investigation गर्ने कार्य भइरहेको छ ।

नेपाल विद्युत प्राधिकरणका अधिकारीहरुको भनाई अनुसार निकट भविष्यमा नेपाल विद्युत प्राधिकरणले सवस्टेसन निर्माण गर्नका निम्ति निर्माण कम्पनीलाई साइट हस्तान्तरण गर्ने भएको छ ।

यस आयोजना निर्माणका क्रममा दोर्दी गाउँपालिकाका स्थानीय प्रशासन र स्थानीय बासिन्दाहरुबाट पूर्ण साथ र सहयोग प्राप्त भइरहेको छ।






Inlet Tunnel



आयोजनाको Headworks क्षेत्र

**सम्पादक:पार्वती पराजुली**
**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**
**त्रिपुरेश्वर ,काठमाडौं**
**फोन न:९७७-१-४२३२७४८, ४२३२७४९,**
**ईमेल :info@dordikhola.com.np**
**वेबसाइट: www.dordikhola.com.np**